**मिति २०७९/१२/१३ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. आन्तरिक आय व्यवस्थापन सम्बन्धमा ।
२. दादुरा खोप संचालन सम्बन्धमा ।
३. डेलिकेसन जाने सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय अ.खा.को च.नं. १३०३ मिति २०७९/१२/६ गतेको पत्रबाट राप्ती नदी प्रगन्ना सिचाई आयोजनाको विभिन्न स्थानमा तट्बन्धन तथा मर्मत हुन लागेको र सो कार्य गर्दा जग खन्ने प्रयोजनमा मेशिन प्रयोग गर्नु पर्ने भएकोले आवश्यक सहजिकरण गरि दिन भनि लेखि आएको सन्दर्भमा आजै स्थलगत अनुगमन गरियो । अनुगमनका क्रममा राप्ती नदी डाइर्भसन गर्ने कार्यको लागि यस नगरपालिका वडा नं. ८ मा हरेको के.वि.जी केसरको तलपट्टी राप्ती नदीको शितगंगा तर्फको बगरमा खन्न सुरु गरेको देखियो । उक्त खन्न सुरु गरेको स्थानबाट नदी डाइर्भसन गर्दा सो भन्दा दक्षिण पट्टी यस नगरपालिकाबाट ठेक्का व्यवस्थापन हुन लागेको क्षेत्रमा समेत असर पर्ने र गर्न लागेको नदी डाईर्भसन कार्य समेत उपयुक्त स्थानबाट हुन लागेको नदेखिएकोले हाल खनेको क्षेत्र देखि ५० मिटर पश्चिम दाङ्ग तर्फ बाट खनी राप्ती नदी डाईभर्सन गर्दै दक्षिण तर्फ न.पा.ले आइइई गरेको क्षेत्र भन्दा ५० मिटर माथिबाट हाल बगीरहेको नदी तर्फ नै पानी मिसाउने । नदी डाइर्भसन गर्दा निस्कने नदिजन्य पदार्थ नियमानुसारको रोयल्टी बुझाई लैजान चाहाने व्यक्ति तथा व्यवसायीहरुलाई दिने व्यवस्था यस नगरपालिकाले मिलाउने । उक्त कार्यको लागि एक जना कर्मचारीको नेतृत्वमा आवश्यक सहयोगको लागि स्थानीय ३ जना व्यक्तिहरुलाई दैनिक ज्यालामा राखी रोयल्टी संकलन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ मा दादुराको प्रकोप देखिएकोले दादुरा रोगको संक्रमण फैलिन नदिन तत्काल प्रभावित हुन सक्ने वडाहरु ९, १० र ११ मा मिति २०७९ चैत्र १५ र १६ गते दादुरा खोप अभियान संचालन गर्ने र सो कार्यमा हुने आवश्यक खर्चको लागि गत मौज्दातबाट रु ४ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७९ फागुन ३० गतेको कार्यपालिका बैठकको निर्णय नं. ११ मा पावरा पिपरा चाकलचौडा सडक कालोपत्रेको क्रममा स्तरोन्नती भईरहेको अवस्थामा उक्त सडकको विचमा रहेका रुखहरु हटाउनु पर्ने भई आवश्यक प्रकृया अगाढी बढिरहेको अवस्थामा सो कार्यको लागि काठमाण्डौं जानु पर्ने भएकोले उक्त कार्य गर्न यस नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष दामोदर न्यौपानेलाई

प्रमुख प्रशासकीय अधिकृत

पठाउने र सो कार्यमा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने भनि निर्णय भएकोमा सो कार्य लगायत नगरपालिकाको विकास निर्माणको लागि विभिन्न योजनाको रकम माग गर्ने समेतको कार्यका लागि नगर प्रमुखको नेतृत्वमा सरोकावरवालाहरु सहित सर्वपक्षिय/सर्वदलिय रुपमा डेलिगेसन जाने र डेलिकेसन जाँदा हुने खर्च नगरपालिकाले व्यर्होने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आज नगर कार्यपालिका प्रमुख सहित प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरुले स्थलगत रुपमा यस नगरपालिकाको वडा नं. ८ मा रहेको के.वि.जि केसर, दक्षिणकाली केसर, सुभश्री अग्नी सिमेन्टको स्थलगत अनुगमन गरियो । केसर तथा सिमेन्ट उद्योगलाई वातावरण संरक्षणमा प्रतिबद्ध गराउने र न.पा.मा नतिरेको राजश्व/शुल्क अविलम्ब बुझाउनको लागि निर्देशन दिदैं थप व्यवस्थित बनाउन आवश्यक्ता अनुसार नगरपालिकाले सहजिकरण गर्ने । साथै उक्त उद्योगहरुबाट लिईदै आएको कर शुल्कलाई थप व्यवस्थित र वैज्ञानिक बनाउने सन्दर्भमा आगामी नगरसभामा लैजाने गरी तत् तत् समितिमा छलफल गर्ने निर्णय गरियो ।

आजको बैंठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।